नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

फोन नं. ०९४-४२०१३३,
- ४२०१५१,
- ४२०१०८,
फ्याक्स नं. ०९४-४११२११
e-mail :- dao.doti68@gmail.com

प.सं. ०७७/७८
चलानी नं.

मिति : २०७७/०५/१३

## जिल्ला प्रशासन कार्यालय, डोटीका प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश ।

यस जिल्लामा कोभिड-१९ को बढ्दो संक्रमणको स्थितिलाई मध्यनजर गरी थप संक्रमण फैलिन नदिन रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक देखिएको छ । सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०५/०१ को निर्णय बमोजिम भएको अधिकार प्रत्यायोजन तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७७/०५/१२ को निर्णय एवं सिफारिस समेतको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम मिति २०७७/०५/१४ गते राति १२:०० बजे देखि मिति २०७७/०५/२१ गते राति १२:०० बजे सम्म डोटी जिल्लाभर लागु हुने गरी देहाय बमोजिमका कार्य एवं गतिविधिहरु संचालन गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**देहाय :**

१. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार, व्यवसाय संचालन गर्न ।
२. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्यवस्तु तथा सेवा खरिदको काममा वाहेक कुनै पनि व्यक्ति घरवाहिर निस्कन । *(अत्यावश्यक काम परी घर वाहिर निस्कनै पर्ने अवस्थामा अनिवार्य रुपमा मास्क र सेनिटाइजरको प्रयोग तथा तोकिएको न्यूनतम भौतिक/सामाजिक दुरी कायम गर्नु पर्नेछ)*
३. अत्यावश्यक सामग्री लगायतका मालवाहक ढुवानीका सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सबै सवारी साधनहरु जिल्ला प्रवेश गर्न ।
४. जिल्लाभित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन संचालन गर्न ।
५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन बाहेकका सवारी साधन संचालन गर्न ।
६. सवारी साधन संचालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु तथा सेवा अन्तर्गत पर्ने औषधि, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दुध, विद्युत, दुरसंचार, सूचना तथा संचार, क्वारेन्टाइन, आइसोलेसन, फोहरमैला व्यवस्थापन, अस्पताल जाने/आउने विरामी, मृत्यु संस्कारका लागि अनिवार्य रुपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अत्यावश्यक सेवा बाहेकका अन्य सवारी साधन संचालन गर्न ।
७. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा संचालन गर्न, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न ।
८. परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट गर्न ।
९. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्युसन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु संचालन गर्न ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डोटी

फोन नं. ०९४-४२०१३३,
- ४२०१५१,
- ४२०१०८,
फ्याक्स नं. ०९४-४११२११
e-mail :- dao.doti68@gmail.com

प.सं. ०७७/७८
चलानी नं.

१०. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, मनोरञ्जन स्थल, सैलुन, ब्युटिपार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि संचालन गर्न ।

११. फुटपाथ वा खुला ठाउँ तथा ठेलागाडा वा साईकलमा संचालन हुने विभिन्न व्यापार/व्यवसाय संचालन एवं कवाडी संकलन गर्न ।

१२. होटल, रेष्टुँरा एवं खाजा पसलहरु संचालन गर्न/गराउन ।

**तर**

१३. आवश्यक परेको अवस्थामा सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय संचालन गर्ने र सो बाहेक कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्नका लागि सम्बन्धित कार्यालय प्रमुखले व्यवस्था मिलाउने ।

१४. बैंकिङ सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो सम्भव नभएमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना र भौतिक दुरी कायम गरी/गराई नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा वा न्यूनतम संख्यामा कर्मचारी उपस्थित गराई सेवा प्रवाह गर्न सकिनेछ ।

१५. औषधि, स्वास्थ्य सामग्री र स्वास्थ्य सम्बन्धी कार्यको हकमा आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड पालना र भौतिक दुरी कायम गरी/गराई संचालन गर्नुपर्नेछ ।

१६. खाद्यान्न, तरकारी, दुध, फलफूल, माछामासु लगायतका अत्यावश्यक एवं दैनिक उपभोग्य वस्तुहरुको हकमा विहान ६:०० बजे देखि १०:०० बजे सम्म (४ घण्टा मात्र) स्वास्थ्य सुरक्षाको मापदण्ड पालना र भौतिक दुरी कायम गरी/गराई संचालन गर्नुपर्ने ।

**साथै**

१७. यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुनेछ । साथै, अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारवाही हुनेछ ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा विगतमा झैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, डोटी सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

..................
भीमप्रसाद भट्टराई
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी